


वर्ष ४५ | अंक २ | कात्तिक २०७७ | अक्टोबर-नोभेम्बर २०२०

# बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षहरूसँग अन्तरक्रिया




नेपाल राष्ट्र बैंकबाट जारी 'एकीकृत निर्देशन, २०७७' मा उल्लिखित नीतिगत व्यवस्था र वित्तीय तथा बैंकिङ क्षेत्रको समसामयिक विषयमा छलफल गर्ने उद्देश्यले २०७७ असोज १३ गते एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा वेबिनारमार्फत आयोजना गरिएको उक्त कार्यक्रममा 'क', 'ख' र 'ग' वर्गको इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षहरूको सहभागिता रहेको थियो ।

सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रलाई गतिशील बनाउने गरी बैंकले मौद्रिक नीति जारी गरेको उल्लेख गर्दै उक्त नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याउन बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षहरूसँग आग्रह गर्नुभयो । साथै, कोभिडको असरसँगै निम्तिएको असहज परिस्थितिमा अर्थतन्त्र र वित्तीय प्रणालीको सम्बर्द्धनमा टेवा पुग्ने गरी वित्तीय सेवा प्रदान गर्नसमेत गभर्नर अधिकारीले आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "यतिबेला बैंक तथा वित्तीय संस्थाहरू नाफामुखी हुनुहुँदैन । अप्ठ्यारो परिस्थितिमा आफ्नो व्यवसायलाई टिकाउनेतर्फ यहाँहरू केन्द्रित भइदिनुस् ।"

वित्तीय प्रणालीमा पर्याप्त तरलता रहेको अवस्थामा अनुत्पादक क्षेत्रतर्फ कर्जा प्रवाह हुनसक्ने उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसप्रति सजग रहन सञ्चालक समितिका अध्यक्षहरूसँग आग्रह गर्नुभयो । राष्ट्र बैंकले मर्जर/प्राप्तिमा नीतिगत सहुलियत दिएको उल्लेख गर्दै उहाँले मर्जर/प्राप्तिका सम्बन्धमा आपसमा निर्णय गरेर निष्कर्षमा पुग्न आग्रह गर्नुभयो । बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने वित्तीय सेवामा सूचना प्रविधिको अधिकतम उपयोग गर्नुपर्ने आवश्यकतामाथि उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "अब ई-कमर्सलाई प्रवर्द्धन गर्ने किसिमका वित्तीय सेवातर्फ बैंकहरू केन्द्रित हुनुपर्छ ।"

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक



देवकुमार ढकालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । सो अवसरमा बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष पवनकुमार गोल्यान, नेपाल बैंक लिमिटेडका अध्यक्ष वासुदेव अधिकारी, हिमालयन बैंक लिमिटेडका अध्यक्ष तुलसीप्रसाद गौतम, मेगा बैंक लिमिटेडका अध्यक्ष भोजबहादुर शाह, लुम्बिनी विकास बैंकका अध्यक्ष दशरथ रिजाल, महालक्ष्मी विकास बैंकका अध्यक्ष राजेश उपाध्याय, नेपाल फाइनान्स लिमिटेडका अध्यक्ष हिरेन्द्रमान प्रधान, रिलायन्स फाइनान्स लिमिटेडका अध्यक्ष कुशकुमार मालीलगायतले समसामयिक बैंकिङ तथा वित्तीय क्षेत्रका सन्दर्भमा आ-आफ्नो धारणा राख्नुभएको थियो । वेबिनारमा डेपुटी गभर्नर शिबराज श्रेष्ठको समेत सहभागिता थियो ।

# आन्तरिक तालिमसम्बन्धी कार्यविधि जारी




फाइल तस्वीर

नेपाल राष्ट्र बैंकले आन्तरिक तालिमलाई व्यवस्थित र प्रभावकारी बनाइ कर्मचारीको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले 'आन्तरिक तालिमसम्बन्धी कार्यविधि, २०७७' जारी गरेको छ ।

बैंकर्स प्रशिक्षण केन्द्रमार्फत सञ्चालन हुने आन्तरिक तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया लगायतका कार्यक्रमलाई लक्षित गर्दै बैंकले उक्त कार्यविधि जारी गरेको हो । आन्तरिक तालिमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न फ्याकल्टी बोर्ड र पाठ्यक्रम समिति रहने व्यवस्था कार्यविधिमा राखिएको छ ।

कार्यविधिअनुसार जनशक्ति व्यवस्थापन विभाग/बैंकर्स प्रशिक्षण केन्द्र हेर्ने डेपुटी गभर्नरको संयोजकत्वमा नौ सदस्यीय फ्याकल्टी बोर्ड रहनेछ । बोर्डमा जनशक्ति व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक सुपरिवेक्षण विभाग, मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक सदस्य रहनेछन् । यसैगरी, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक र त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन सङ्कायका प्राध्यापक सदस्य र बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक बोर्डको सदस्य-सचिव रहने व्यवस्था छ । बोर्डले वार्षिक रुपमा तालिम कार्यक्रम सिफारिस र सञ्चालन गरिएका कार्यक्रमको समीक्षा गर्नेछ ।

तालिम कार्यक्रमको पाठ्यक्रम तर्जुमा गर्नका निम्ति जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशकको अध्यक्षतामा पाठ्यक्रम समिति रहने व्यवस्था कार्यविधिमा राखिएको छ । कार्यविधिले तालिम कार्यक्रमलाई नियमित प्रकृतिका, पूर्वसेवाकालीन, विशेष र अन्य गरी चार प्रकारमा वर्गीकरण गरेको छ । कार्यविधिमा सहायकस्तरीय, व्यवस्थापनस्तरीय र उच्च व्यवस्थापनस्तरीय गरी तीन किसिमका तालिमको स्तर निर्धारण गरिएको छ । साथै, तालिमका पाठ्यसामग्री तयार गर्ने, सहभागीको मनोनयन र छनोटका आधार, स्रोतव्यक्तिको छनोटसम्बन्धी व्यवस्था कार्यविधिमा राखिएको छ । भौतिक उपस्थिति र अनलाइन दुवै माध्यमबाट तालिम कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था कार्यविधिमा राखिएको छ ।


नेपाल राष्ट्र बैंक
जनशक्ति व्यवस्थापन विभाग
बैंकर्श प्रशिक्षण केन्द्र

नेपाल राष्ट्र बैंक, आन्तरिक तालिम सम्बन्धी कार्यविधि, २०७७

बैंकका कर्मचारीहरूको कार्य सम्पादन, कार्य दक्षता तथा निर्णय क्षमतामा अभिवृद्धि गरी उत्पादकत्व बढाउन आवश्यक ज्ञान, सीप तथा अनुभव दिलाई बैंकको उद्देश्य प्राप्तीमा सहयोग पुर्‍याउने उद्देश्यले नेपाल राष्ट्र बैंक, जनशक्ति व्यवस्थापन विभाग, बैंकर्श प्रशिक्षण केन्द्रले सञ्चालन गर्ने आन्तरिक तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, वर्कसप जस्ता कार्यक्रमहरूलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी गभर्नरबाट यो कार्यविधि बनाइएको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :
(क) यो कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक, आन्तरिक तालिम सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।
(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
(क) 'ऐन' भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।
(ख) 'बैंक' भन्नाले ऐनको दफा ३ बमोजिमको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।
(ग) 'गभर्नर' भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त भएको बैंकको गभर्नर सम्झनु पर्छ ।
(घ) 'डेपुटी गभर्नर' भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त भएको बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।
(ङ) 'केन्द्र' भन्नाले बैंकर्श प्रशिक्षण केन्द्र सम्झनु पर्छ ।
(च) 'फ्याकल्टी बोर्ड' भन्नाले केन्द्र हेर्ने डेपुटी गभर्नरको संयोजकत्वमा गठित फ्याकल्टी बोर्ड सम्झनु पर्छ ।
(छ) 'समिति' भन्नाले जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशकको अध्यक्षतामा गठित पाठ्यक्रम समिति सम्झनु पर्छ ।

१

# वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि जारी

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था, अनुमतिप्राप्त भुक्तानी सेवा सञ्चालक/प्रदायक, विप्रेषण कम्पनी, मनिचेञ्जर लगायतका संस्थाको सेवा प्रवाहलाई निष्पक्ष, विश्वसनीय र पारदर्शी बनाउने उद्देश्यले 'वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७' जारी गरिएको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७७ असोज १२ गते यससम्बन्धी सूचना जारी गर्दै सोही कार्यविधिबमोजिम आफ्ना ग्राहकलाई बैंकिङ तथा वित्तीय सेवा प्रवाह गर्न इजाजत तथा अनुमतिप्राप्त संस्थाहरूलाई निर्देशन दिएको छ।

राष्ट्र बैंकबाट इजाजत वा अनुमतिप्राप्त सम्पूर्ण संस्थाहरू यस कार्यविधिको दायरामा पर्नेछन्। कार्यविधिमा लेखिएको छ, 'सबै प्रकारका ग्राहकलाई निष्पक्ष, विश्वसनीय र पारदर्शी वित्तीय मध्यस्थता सेवा प्रवाहको सुनिश्चितता प्रदान गरी ग्राहकलाई कुनै किसिमको मर्का पर्न नदिने र मर्का पर्न गएमा सोको समुचित सुनुवाई गरी उचित व्यवस्थापन गर्नु वित्तीय ग्राहक संरक्षणको प्रमुख उद्देश्य हुनेछ।'

वित्तीय ग्राहकको हित संरक्षण, समान व्यवहार, पारदर्शिता, जवाफदेहिता र गुनासो सुनुवाई तथा विवाद समाधानलाई कार्यविधिको मुख्य सिद्धान्तको रूपमा स्वीकार गरिएको छ। ग्राहकको गुनासो सुनुवाईको लागि वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा आठ सदस्यीय गुनासो व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा अर्का डेपुटी गभर्नर, बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयका सहसचिव, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि सदस्य र नियमन विभागका निर्देशक सदस्य-सचिव रहने व्यवस्था गरिएको छ। समितिको सचिवालयको रूपमा कार्य गर्न नियमन विभागअन्तर्गत 'वित्तीय ग्राहक संरक्षण इकाई' रहने व्यवस्था कार्यविधिमा छ। सो इकाईले ग्राहकको गुनासो बुझ्ने, त्यसको अभिलेख राख्ने र गुनासो सुनुवाईको निम्ति आवश्यक पहल गर्नेछ।

कार्यविधिमा गुनासो निवेदन पेस गर्ने र यसउपर हुने सुनुवाईका प्रक्रियाबारे उल्लेख गरिएको छ। कुनै वित्तीय सेवा प्रदायकले पटकपटक राष्ट्र बैंकबाट जारी निर्देशनको उल्लङ्घन गरेमा वा प्रचलित कानुनको पालना नगरेमा आवश्यक कारवाहीका लागि गुनासो व्यवस्थापन समितिले सम्बन्धित सुपरिवेक्षण विभागलाई लेखी पठाउनुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छ।

# एकीकृत निर्देशनमा संशोधन/परिमार्जन

नेपाल राष्ट्र बैंकले 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरूको निम्ति जारी गरेको 'एकीकृत निर्देशन, २०७६' मा संशोधन र परिमार्जन गरेको छ। बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७७ असोज ८ गते एक परिपत्र जारी गर्दै संशोधित तथा परिमार्जित व्यवस्थालाई कार्यान्वयन गर्न लघुवित्त वित्तीय संस्थाहरूलाई निर्देशन दिएको छ। संशोधित व्यवस्थाअनुसार राष्ट्रिय स्तरमा स्तरोन्नति हुन नसकेका र एकभन्दा बढी प्रदेशमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिरहेका संस्थाले २०७८ असार मसान्तभित्र कार्यक्षेत्र बाहेकको प्रदेशमा रहेका शाखा बिक्री, बन्द वा स्थानान्तरण गरी सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरिसक्नुपर्नेछ। प्रदेशस्तरको संस्थाले आफ्नो कार्यक्षेत्र बाहेकको प्रदेशमा रहेको शाखा कार्यालय बिक्री, बन्द वा स्थानान्तरणको प्रक्रिया पूरा नगरेसम्म आफ्नो कार्यक्षेत्र अन्तर्गतका जिल्लामा नयाँ शाखा विस्तार गर्न नपाउने व्यवस्था गरिएको छ।

नेपाल राष्ट्र बैंकले निरीक्षण गर्दा ऋणीको नगद प्रवाह तथा परियोजना सञ्चालनको अवस्था कमजोर भएको आधारमा सूक्ष्म निगरानीमा राख्ने भनी निर्देशन दिइएका कर्जालाई समेत सूक्ष्म निगरानीमा राख्नुपर्ने व्यवस्था थप गरिएको छ। पछिल्लो संशोधनमा लघुवित्त वित्तीय संस्थाका सञ्चालकले पदीय मर्यादा कायम हुने गरी शिष्ट बोली, व्यवहार, कार्यशैली र आचरण प्रस्तुत गर्नुपर्ने व्यवस्था राखिएको छ। संस्थाको कार्य वातावरण बिग्रने, घृणा, द्वेष उत्पन्न हुने कुनै किसिमको गतिविधि गर्न/गराउन नपाइने व्यवस्थासमेत थप गरिएको छ। पछिल्लो संशोधित व्यवस्थाअनुसार लघुवित्त संस्थाले कम्तीमा दुई वर्षमा सबै शाखा कार्यालयको आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्नेछ। साथै राष्ट्रियस्तरका संस्थाले कम्तीमा तीन वर्षमा एक पटक सिस्टम अडिट गराउनु पर्नेछ। एउटा सञ्चालक एक कार्यकालभन्दा बढी लगातार एउटै समितिमा संयोजक रहन नपाउने व्यवस्था थप गरिएको छ। लघुवित्त वित्तीय संस्थाले वित्तीय साक्षरतासम्बन्धी विविध कार्यक्रम तथा लक्षित तालिमहरू सञ्चालन गरी महिला तथा सामाजिक रुपले पिछडिएका वर्गलाई वित्तीय सेवा सम्बन्धमा साक्षर बनाई वित्तीय सेवाप्रतिको पहुँच अभिवृद्धिका लागि सामाजिक उत्तरदायित्व कोषका पाँच प्रतिशत रकम खर्च गर्नुपर्ने व्यवस्था राखिएको छ। संशोधित व्यवस्थाअनुसार संस्थाको दुई प्रतिशत वा सोभन्दा बढी सेयर धारण गर्ने संस्थापक सेयरधनीले राष्ट्र बैंकको स्वीकृति लिएर मात्र आफ्नो नामको सेयर यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा धितोबन्धक राख्न वा बिक्री गर्न सक्नेछन्।

# पोखरा र धनगढीमा ज्ञान आदानप्रदान कार्यक्रम



नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले २०७७ असोज ७ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो।

कार्यक्रममा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले 'विद्युतीय भुक्तानी प्रणाली' शीर्षकमा वार्ता प्रस्तुत गर्नुभयो।

सो अवसरमा उप-निर्देशक कार्कीले अन्तर बैंक भुक्तानी, कनेक्ट आईपीएस, क्युआर कोड, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र विभिन्न कार्डमार्फत हुने भुक्तानी कारोबारको विषयमा चर्चा गर्नुभयो। साथै, उहाँले विद्युतीय भुक्तानी प्रणालीको प्रोत्साहनका निम्ति नेपाल राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो। कार्यक्रममा सो कार्यालयका प्रधान सहायक ध्रुवप्रसाद पोखरेलले विद्युतीय चेक राफसाफको व्यावहारिक पक्षबारे प्रकाश पार्नुभयो।

सो अवसरमा कार्यालयका निर्देशक ईश्वरीप्रसाद भट्टराईले ज्ञान आदानप्रदान कार्यक्रमको महत्व दर्शाउँदै यस्ता कार्यक्रमले विभिन्न विषयवस्तुको सैद्धान्तिक र व्यावहारिक ज्ञान उजागर गर्न फलदायी हुने विचार व्यक्त गर्नुभयो। कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो।

यसैगरी, नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७७ असोज ३० गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा भर्चुअल माध्यमबाट उक्त कार्यक्रम आयोजना गरिएको हो।

सो अवसरमा कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले 'NRB Policy Initiatives to overcome Impact of Covid-19' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। सो अवसरमा उप-निर्देशक ज्ञवालीले कोभिड-१९ का कारण वित्तीय क्षेत्रमा देखिएको समस्याको निरुपणका निम्ति नेपाल राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभयो। कोभिड-१९ का कारण समस्याग्रस्त भएका उद्योग तथा व्यवसायमा परेको असरलाई वर्गीकरण गरी बैंक तथा वित्तीय संस्थामार्फत प्रदान गरिएका सहुलियत एवम् कर्जाको साँवा/व्याज भुक्तानीको व्यवस्थापन र नगदरहित कारोबारलाई प्रवर्द्धन गर्नका निम्ति जारी भएका नीतिगत व्यवस्थाको विषयमा उहाँले जानकारी दिनुभयो।

ज्ञान आदानप्रदान कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरूको सहभागिता थियो। कार्यालयका का.मु.उप-निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# अनलाइनमार्फत विदेशी मुद्रा रकमान्तर गर्न सकिने

नेपाल राष्ट्र बैंकले ई-कमर्श लगायतका कारोबारवापत अनलाइन वित्तीय सेवामार्फत विदेशबाट नेपालमा विदेशी मुद्रा रकमान्तर गर्न सकिने व्यवस्था गरेको छ।

भुक्तानी प्रणाली विभागद्वारा २०७७ असोज १ गते जारी सूचना अनुसार सूचना प्रविधि सम्बद्ध दक्षता/विज्ञताको निकासी बिक्रीवापत प्राप्त हुने रकम, सामाजिक सञ्जालमा सामग्री राखेवापत प्राप्त हुने रकम र खुद्रास्तरको अन्तर्राष्ट्रिय व्यावसायिक/व्यापारिक कारोबारवापत प्राप्त हुने रकमहरू यसको निम्ति मान्य हुनेछन्।

यसै गरी, स्वदेशी बैंकको खातामा विदेशी मुद्रा प्राप्त भएपश्चात् भुक्तानी सेवा प्रदायक (बैंक तथा वित्तीय संस्थासमेत) ले सञ्चालन गरेको वालेटलगायत भुक्तानी उपकरणमा तोकिएको सीमासम्मको रकम स्वदेशी मुद्रामा रकमान्तर गर्न सकिने सूचनामा उल्लेख छ। यसरी विदेशी मुद्रा आर्जन गर्ने क्रममा तोकिएबमोजिमको शुल्क, रोयल्टीलगायत आवश्यक परी सोको भुक्तानी विदेशमा पठाउनुपर्ने भएमा विदेशी विनिमय व्यवस्थापन विभागको निर्देशन पालना गर्नुपर्नेछ।

यस्तो कारोबारको निम्ति सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी ऐन एवम् प्रचलित अन्य ऐन, कानुन तथा निर्देशनको अनिवार्य पालना गर्नुपर्ने समेत सूचनामा उल्लेख छ।

यसैबीच, विदेशी विनिमय व्यवस्थापन विभागले विद्युतीय माध्यमबाट विप्रेषण कारोबार गर्नका निम्ति विभिन्न सर्तहरू निर्धारण गरेको छ। जसअनुसार, नेपालीहरू कार्यरत देशबाट विप्रेषण पठाउने संस्था उक्त देशमा सञ्चालनमा रहेको विद्युतीय भुक्तानी उपकरण सञ्चालन गर्ने संस्थासँग आबद्ध भएको हुनुपर्नेछ। यस्तो संस्था उक्त देशको कानुनबमोजिम दर्ता भई त्यस देशको नियामक निकायबाट आउटवार्ड रेमिट्यान्स कारोबार गर्ने इजाजतपत्र लिएको हुनुपर्ने लगायतका सर्तसमेत राखिएको छ।

# महामारीको सन्दर्भ र लघुवित्त संस्थामा गर्नुपर्ने सुधार



✍ वशिष्ठ अधिकारी,
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

न्यून आय वर्गलाई आर्थिक उपार्जनको लागि आवश्यक ज्ञान, सीप तथा वित्तीय सहयोग पुऱ्याउने लक्ष्यका साथ सञ्चालित लघुवित्त संस्थाहरूसमेत वर्तमान कोरोना महामारीबाट प्रभावित भएका छन् । ग्राहकहरूसँग लघुवित्त संस्थाको सम्बन्ध अति निकट हुनु, कारोबार डिजिटाइज हुन नसक्नु, कर्मचारीको उपस्थितिमा नै नियमित बैठक बस्न बाध्य भई बचत तथा ऋण कारोबार गर्नु आदि यसका मुख्य कारणहरू हुन् । कोरोनाबाट जोगिन व्यक्तिगत दुरी कायम गर्ने, भेला नगर्ने वा गरे पनि सुरक्षाका पूर्ण उपाय पालना गर्न नसकेबाट लघुवित्त संस्थाहरूमा कोरानाको जोखिम बढी नै देखिन्छ। उपर्युक्त सन्दर्भमा लघुवित्त संस्थामा कर्जा लगानी र असुलीमा समस्या उत्पन्न भएकोले ती संस्थामा नकारात्मक प्रभाव कम पर्ने गरी संस्था सञ्चालन गर्न देहायका सुधारहरू गर्नु उपयुक्त हुने देखिन्छ :

**संस्था स्वयम्ले गर्नुपर्ने सुधारहरू**

- कर्जाको सावाँ तथा ब्याज बुझाउने ऋणीलाई ब्याज रकममा समयावधिका आधारमा भारी छुटको व्यवस्था गरी कर्जाको किस्ता असुल गर्ने, मासिक रूपमा किस्ता असुल गरिरहेको कर्जामा मासिक रूपमा ब्याज र त्रैमासिक रूपमा मात्र साँवा असुल गर्ने, ग्रेस अवधि थप, थप कर्जा लगानीलगायत संस्थाले आवश्यक देखेका अन्य सुविधासहितको कर्जा लगानी तथा असुली कार्यक्रम संस्थाहरूबाट सञ्चालन गर्ने,
- व्यावसायिक कृषि, पशुपालन, महिला उद्यमी, युवा लक्षित 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५' बमोजिम प्रवाह गरिने सहुलियतपूर्ण कर्जा शीर्षकमा उल्लिखित कर्जाहरूमा लगानी गर्ने,
- संस्थाहरूले समूह तथा केन्द्र बैठकको निर्णयबाट कारोबार गर्ने कार्यलाई बन्द गरी थोरै सदस्य, कर्मचारीसँग सम्पर्क गरी भौतिक दूरी कायम गर्दै पञ्जा, मास्क, स्यानिटाइजर लगायत अन्य सुरक्षाका उपायहरू अवलम्बन गरी बचत तथा कर्जा कारोबार गर्ने व्यवस्था मिलाउने,
- वैदेशिक तालिम, भ्रमण, अतिथि सत्कार खर्च नगर्ने, शाखा कार्यालय रहेका जिल्लामा छुट्टै सम्पर्क वा अनुगमन कार्यालय नखोली सोही शाखावाट सञ्चालन गर्ने लगायतका अन्य फजुल खर्च बन्द गरी मितव्ययिता अपनाउने,
- ग्राहक संरक्षण कोषवाट सदस्यहरूको व्यावसायसँग सम्बन्धित सीप विकास कार्यक्रममा खर्च गर्ने र सबै ऋणी सदस्यहरूलाई निजले लिएको कर्जा अवधिभित्रमा कम्तीमा एक पटक सीप विकास तथा व्यावसायिक तालिम प्रदान गर्ने,
- ग्रामीण क्षेत्रमा व्यावसायिक रूपमा सञ्चालनमा आएका चिया, कफी, फलफूल खेतीलगायतका दीर्घकालीन व्यवसायमा बढीमा १० वर्षसम्मको कर्जा लगानी गर्ने,
- संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा विद्युतीय कारोबारलाई प्राथमिकता दिने,
- एकै व्यक्ति/समूहले खोलेका र वित्तीय अवस्था कमजोर लघुवित्त वित्तीय संस्थाहरूलाई गाभ्ने तथा विलय गर्ने वा अन्य उपायवाट एकीकरण गरी सबल र सक्षम संस्था बनाउने,
- लघुवित्त वित्त संस्थाले बैंकहरूबाट सापट लिने गरेकोमा सोसहित कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल टेलिकम, बीमा कम्पनी जस्ता वित्तीय संस्थाहरूबाट समेत सापट लिने,
- संस्थागत सुशासनसँग सम्बन्धित निर्देशनहरूको अक्षरशः पालना गर्ने । संस्थाको आन्तरिक लेखापरीक्षण कार्यलाई सुदृढ र स्वायत्त बनाउने । सम्भावित जोखिम पहिचान गर्न सक्ने संयन्त्र तयार गरी सो कार्यलाई प्रभावकारी बनाउने ।

**राष्ट्र बैंकले गर्नुपर्ने नीतिगत सुधार**

- कोरानाले पुऱ्याएको असरका कारण कर्जाको साँवा तथा ब्याज असुल हुन नसकेको कुरामा संस्था विश्वस्त भएमा कर्जालाई पुनर्तालिकीकरण वा पुनर्संरचनाको व्यवस्था गर्ने,
- सहुलियतपूर्ण कर्जा शीर्षकमा उल्लेखित कर्जामा अनिवार्य कर्जा लगानी गर्नुपर्ने व्यवस्था गर्ने,
- स्थलगत निरीक्षणमा सहकारी संस्थामा गरिएको लगानी ठम्याउन कठिन भएको, सहकारी संस्थालाई थोक कर्जाका लागि अन्य सरकारी कोष तथा संस्थाहरू रहेको र लघुवित्त संस्थाहरूलाई स्रोतको अभाव भएकोले थोक कर्जा कारोबार गर्ने संस्थाले लघुवित्त संस्थालाई मात्र सापट दिन सक्ने व्यवस्था गर्ने,
- व्यावसायिक परियोजना वा स्वीकारयोग्य धितो लिई व्यावसायिक कृषि, फलफूल खेती, बिउ उत्पादन, कृषि उपज भण्डारण, व्यावसायिक पशुपालन, कुखुरा तथा अन्य पन्क्षीपालन, मत्स्यपालन, मौरीपालन, कृषि उपकरण उत्पादन तथा बिक्री वितरण, कृषि उत्पादनहरू ढुवानी गर्ने साधनहरू खरिद गर्ने आदि लघु व्यवसायहरू सम्बन्धित निकायमा दर्ता गरी सञ्चालन गरेकोमा लघु, साना तथा मझौला कर्जा उपलब्ध गराउन सकिने व्यवस्था गर्ने,
- सबै लघुवित्त वित्तीय संस्थाले सर्वसाधारणबाट बचत सङ्कलन गर्न पाउने व्यवस्था गरी क्रमशः संस्थाले नै स्रोत सङ्कलन गर्न सक्ने बनाउने र सरल ब्याजमा प्राप्त स्रोतलाई सरकारले तोकेको क्षेत्र/वर्गमा लगानी गर्नुपर्ने व्यवस्था गर्ने,
- ग्रामीण तथा सहरोन्मुख ग्रामीण क्षेत्रमा व्यावसायिक कृषि, कृषिवाली भण्डारण, कोल्ड स्टोर, कृषि उपकरण उद्योग, दाना उद्योग, पशुपन्क्षीपालन, मत्स्यपालन, भुरा उत्पादन, आधुनिक कृषि उपकरण तथा प्रविधिको उपयोगलगायतका साना तथा मझौला व्यवसाय तथा उद्यम सञ्चालन गर्न लघुवित्त संस्थाहरू मिली सहवित्तीयकरणमार्फत कर्जा लगानी गर्नुपर्ने व्यवस्था गर्ने,
- लघुवित्त संस्थाले सरल तरिकाबाट राष्ट्र बैंकमा रहेको पुनरकर्जा कोषवाट सहुलियतमा कर्जा लिन सक्ने व्यवस्था गर्ने ।

**नेपाल सरकारबाट हुनुपर्ने सुधार**

- लघुकर्जामा जाने रकमको स्रोत विस्तारका लागि लघुवित्त संस्थाले बैंक तथा वित्तीय संस्थाका साथै, अन्य वित्तीय संस्थाबाट कर्जा लिन पाउने व्यवस्था गर्ने । जस्तै; कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल टेलिकम, बीमा कम्पनी आदि ।
- विद्युतीय कारोबारलाई प्राथमिकता दिई विद्युत्, इन्टरनेट, टेलिफोनजस्ता पूर्वाधारहरू ग्रामीण क्षेत्रमा पुऱ्याउने,
- हाल नेपालमा लघु कर्जा लगानी 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्था, सहकारी तथा सरकारी कोषबाट हुने भएकाले सो लगानीमा दोहोरोपना भएमा र सदुपयोग नभएमा लघुवित्त संस्थाले मात्र लघु कर्जा लगानी गर्न पाउने गरी तोकिनु पर्ने,
- कर्जा सुरक्षणको अभावका कारण अति गरिब र विपन्न वर्गमा कर्जा लगानी गर्न नसकिएको अवस्थामा स्थानीय तहको जमानीमा कर्जा लगानी गर्ने नीतिगत व्यवस्था गर्ने,
- नेपाल सरकारबाट गरिब तथा न्यून आय वर्गको उत्थानका लागि चालिने कदमहरू जस्तै; सामाजिक सुरक्षाको रकम वितरण, आर्थिक सहायता, सहयोग, अनुदान, प्रविधि तथा सीप विकास तालिम आदिको वितरण लघुवित्त संस्थाहरूमार्फत गर्ने ।

# बीमा कम्पनीमा विदेशी लगानी र यसको नियमन



✍ पुष्करराज भट्टराई
सहायक निर्देशक
नेपाल राष्ट्र बैंक

वैदेशिक लगानी गर्न चाहने विदेशी नागरिक, फर्म, कम्पनी, गैरआवासीय नेपाली, विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संगठित संस्थाले औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापना भएका तथा हुने उद्योगमा लगानी गर्नका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम उद्योग विभागबाट स्वीकृति लिनुपर्ने हुन्छ । यसै गरी निश्चित सीमाभन्दा बढी रकमको लगानीको स्वीकृति लगानी बोर्डको कार्यालयबाट लिनुपर्ने हुन्छ । औद्योगिक क्षेत्रभन्दा बाहिरको हकमा सम्बन्धित नियमनकारी निकायबाट स्वीकृति लिनुपर्ने व्यवस्थाबमोजिम बीमा कम्पनीहरूको सेयरमा गरिने विदेशी लगानीको स्वीकृति बीमा समितिबाट लिनुपर्दछ । यसरी विभिन्न नियमनकारी निकायबाट स्वीकृति प्राप्त वैदेशिक लगानीवापतको विदेशी मुद्रा भित्र्याउने, विदेशी लगानीको लेखाङ्कन गर्ने, लगानीबाट आर्जित रकम फिर्ता लैजान तथा प्रविधि हस्तान्तरणवापतको लाभ वा रोयल्टी एवम् सेयर बिक्रीको रकम फिर्ता लैजान सटही स्वीकृति प्रदान गर्ने एकल निकायको रुपमा नेपाल राष्ट्र बैंक रहेकोछ । विदेशी लगानीवापत भित्र्याइएको विदेशी मुद्रा बराबरको विदेशी लगानीको लेखाङ्कन नगरिकन लगानीबाट आर्जित रकम तथा सेयर बिक्रीबाट प्राप्त रकम फिर्ता लैजाने स्वीकृति प्राप्त हुँदैन ।

बीमा क्षेत्रको नियामक निकायको रुपमा रहेको बीमा समितिबाट मिति २०७३।१२।१७ मा स्वीकृत बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ६(१) अनुसार संयुक्त लगानीमा बीमा व्यवसाय सञ्चालन गर्न चाहने विदेशी बीमकले चुक्ता पुँजीको ८० प्रतिशतसम्म लगानी गर्न सक्ने तथा दफा ८ मा विदेशी बीमकले तोकिएको न्यूनतम चुक्ता पुँजी बराबरको निर्धारित पुँजी कायम नभएसम्म कुनै पनि प्रकारको लाभांश घोषणा गर्न र वितरण गर्न नपाउने व्यवस्था छ ।

बीमा समितिको आ.व.२०७४।७५ को वार्षिक प्रतिवेदन अनुसार हाल नेपालमा १९ वटा जीवन बीमा कम्पनी, २० वटा निर्जीवन बीमा कम्पनी तथा एक वटा पुनर्बीमा कम्पनी सञ्चालनमा छन् । तीमध्ये तीन वटा बीमक विदेशी कम्पनीका शाखा कार्यालयको रुपमा र तीन वटा संयुक्त लगानीमा गरी जम्मा छ वटा कम्पनीहरूमा विदेशी लगानी रहेको देखिन्छ । नेशनल इन्स्योरेन्स, ओरिएन्टल इन्स्योरेन्स र मेट लाईफ एलिको विदेशी बीमकको शाखा कार्यालयको रुपमा सञ्चालनमा रहेका छन भने लाईफ इन्स्योरेन्स (नेपाल), सगरमाथा इन्स्योरेन्स र नेशनल लाइफ इन्स्योरेन्सको चुक्ता पुँजीको क्रमश: ५५ प्रतिशत, २० प्रतिशत र २.१४ प्रतिशतले हुने हिस्सा विदेशी लगानीकर्ता कम्पनीको रहेको देखिन्छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १० को अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले विदेशी लगानीवापतको विदेशी मुद्रा भित्र्याउने स्वीकृति लिएर त्यस्तो मुद्रा भित्र्याउने, विदेशी लगानीको लेखाङ्कन गर्ने र आर्जित रकम फिर्ता लैजाने पूर्व स्वीकृति लिनुपर्ने सूचना जारी गरेको छ । विदेशी बीमा कम्पनीको शाखा कार्यालयको रूपमा स्थापना भएका कम्पनीहरूमा बीऊ पुँजी (कम्पनी स्थापना गर्नका लागि आवश्यक पूर्वसञ्चालन खर्च) वापतको रकमको लेखाङ्कन गर्नुका साथै चुक्ता पुँजीको निश्चित हिस्सा बराबरको विदेशी लगानी तथा सोबाट आर्जित बोनस सेयरको लेखाङ्कन तथा आर्जित नगद लाभांशवापतको रकम फिर्ता लैजाने सटही स्वीकृति अनिवार्य रुपमा गर्नु/लिनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

विदेशी बीमकका शाखा कार्यालयको रुपमा सञ्चालनमा रहेका तीन वटा कम्पनीहरूमध्ये अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी लि. ले मात्र पूर्वसञ्चालन खर्च वापतको रकम रु.५ करोडको लेखाङ्कन गराई निर्धारित पुँजीभन्दा बढी रहेको रकम लाभांशको रुपमा फिर्ता पठाउने सटही स्वीकृतिका लागि निवेदन पेश गरेको छ भने बाँकी कम्पनीले पूर्वसञ्चालन खर्चवापत भित्र्याएको विदेशी मुद्राको लेखाङ्कन गराएको देखिँदैन । यसैगरी संयुक्त लगानीमा सञ्चालित बीमकमध्ये लाइफ इन्स्योरेन्स (नेपाल) मा भएको ५५ प्रतिशत विदेशी लगानी तथा बोनस सेयरको लेखाङ्कन गर्नुका साथै नगद लाभांश फिर्ता लैजानका लागि सटही स्वीकृति नियमित रुपमा लिएको, सगरमाथा इन्स्योरेन्स कम्पनीको विदेशी लगानीकर्ता कम्पनी सेलिन्को इन्स्योरेन्स पीएलसी, श्रीलङ्काको सेयर हिस्सावापतको रकम रु.१,४९,१२,४००।- बराबरको विदेशी लगानीको लेखाङ्कन भएको तर आ.व.२०७४।७५ मा उक्त हिस्सा बढेर रु.१०,७६,३८,९९४।- पुगेको देखिए तापनि बाँकी हिस्सा बराबरको विदशी लगानीको लेखाङ्कन नगराएको एवम् आ.व.२०७२।७३ पछिको नगद लाभांश फिर्ता पठाउनका लागि राष्ट्र बैंकको स्वीकृति पनि लिएको नदेखिएको र नेशनल लाईफ इन्स्योरेन्स कम्पनीको चुक्ता पुँजीको २.१४ प्रतिशतले हुने रु.३,५३,६७,९००।- बराबरको सेयर स्वामित्व (आ.व.२०७४।७५ को वित्तीय विवरणअनुसार) स्लीककोट लि., इंगल्याण्डको रहेको देखिए तापनि सो बराबरको विदेशी लगानीको लेखाङ्कन नगराएको एवम् नगद लाभांश फिर्ता लैजाने सटही स्वीकृति पनि लिएको देखिँदैन ।

यसरी विदेशी लगानीमा स्थापना भई सञ्चालनमा रहेका अधिकांश बीमा कम्पनीले विदेशी लगानीकर्ताको हिस्सामा रहेको सेयर बराबरको विदेशी लगानीको लेखाङ्कन नगराएको, आर्जित रकमबाट वितरण भएको बोनस सेयरको लेखाङ्कन नगराउनुका साथै नगद लाभांश पनि यस बैंकको पूर्वस्वीकृति नलिई फिर्ता पठाउने गरेको देखिएकोले सो सम्बन्धमा कम्पनीहरूको स्थलगत तथा गैरस्थलगत निरीक्षण गरी विदेशी लगानीको अद्यावधिक अवस्था पत्ता लगाउनुका साथै यससँग सम्बन्धित नीतिगत, कानुनी र प्रक्रियागत व्यवस्थाका बारेमा बीमा समितिलाई पनि आवश्यक जानकारी गराई विदेशी लगानीलाई थप नियमित गर्नु आवश्यक देखिन्छ ।

# भर्चुअल माध्यमबाट विभिन्न तालिम कार्यक्रमहरू सम्पन्न




नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ असोज महिनामा भर्चुअल माध्यमबाट विभिन्न तालिम कार्यक्रमहरू सम्पन्न गरेको छ।

यसै क्रममा केन्द्रले असोज २ गते गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा 'योग तथा तनाव व्यवस्थापन कार्यक्रम' आयोजना गऱ्यो। उक्त कार्यक्रममा डेपुटी गभर्नरद्वय क्रमशः चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठसहित अधिकृत विशिष्ट र अधिकृत प्रथम श्रेणीका अधिकारीहरूको सहभागिता थियो।

सो अवसरमा आध्यात्मिक चिन्तक डा. चिन्तामणि योगीले सकारात्मक सोचको विषयमा चर्चा गर्दै योगको महत्व र तनावबाट मुक्ति पाउने उपायका विषयमा प्रवचन दिनुभयो। कार्यक्रममा हास्यव्यङ्ग्य कलाकार मनोज गजुरेलले आफ्नो हास्य व्यङ्ग्यात्मक प्रस्तुति दिनुभएको थियो।

कार्यक्रममा केन्द्रका निर्देशक आनन्द पौड्यालले स्वागत मन्तव्य र डेपुटी गभर्नर शिवाकोटीले समापन मन्तव्य राख्नुभयो। केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले कार्यक्रमको संयोजन गर्नुभएको थियो।

यसैगरी, केन्द्रले असोज १६ र ३० गते अधिकृत द्वितीय र तृतीय श्रेणीका कर्मचारीहरूका लागि 'योग तथा तनाव व्यवस्थापन' सम्बन्धी तालिम कार्यक्रहरू आयोजना गऱ्यो। कार्यक्रममा स्रोत व्यक्तिद्वय क्रमशः रमेश नेपाल र एलपी भानु शर्माले योग प्रशिक्षणसँगै तनावले मानव स्वास्थ्यमा पार्नसक्ने नकारात्मक प्रभाव र तनाव व्यवस्थापनको उपायका बारेमा प्रवचन दिनुभएको थियो। सो अवसरमा हास्य कलाकारद्वय जितु नेपाल र सुमन कार्कीले समेत हास्य प्रस्तुति दिनुभएको थियो। दुवै कार्यक्रममा ९० जना कर्मचारीको सहभागिता थियो।

यसैगरी, बैंकर्स प्रशिक्षण केन्द्रले असोज ४-६ गते विकास बैंक र ७-९ गते वित्त कम्पनीका रिपोर्टिङ अधिकृतहरूका निम्ति सुपरिवेक्षकीय सूचना प्रणाली सम्बन्धी तालिम कार्यक्रम आयोजना गऱ्यो। विकास बैंक र वित्त कम्पनीहरूमा सुपरिवेक्षकीय सूचना प्रणालीको विकास र कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो। बैंक सुपरिवेक्षण विभागका अधिकृतहरूले उक्त तालिमका सहभागीहरूलाई प्रशिक्षण दिनुभएको थियो।

केन्द्रले असोज २१-२३ गते 'ओलम्पिक सफ्टवेयर (जीएल सिस्टम)' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। जीएल प्रयोगकर्ताको कार्यक्षमता अभिवृद्धि गरी प्रभावकारी कार्यसम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित उक्त तालिममा जीएल सिस्टमका विभिन्न मोड्युलहरूको बारेमा जानकारी दिइएको थियो। उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ७० जना कर्मचारीको सहभागिता थियो।

यसैगरी, केन्द्रले असोज २५-२७ गते सम्म एएमएल/सीएफटी विषयमा अधिकृतस्तरीय तालिम कार्यक्रम सम्पन्न आयोजना गऱ्यो। यस तालिममा सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित नीतिगत व्यवस्था, राष्ट्रिय रणनीति र जोखिम मूल्याङ्कन, कानुनी व्यवस्थाको कार्यान्वयन, सम्पत्ति शुद्धीकरणका नयाँ मुद्दाहरू, पारस्परिक मूल्याङ्कन लगायतका विषयमा राष्ट्र बैंकभित्र र बाहिरका विज्ञहरूबाट वार्ता प्रस्तुत भएको थियो। उक्त तालिममा ६९ जना कर्मचारीको सहभागिता थियो।



सुपरिवेक्षकीय सूचना प्रणाली, जीएल सिस्टम र सम्पत्ति शुद्धीकरणसम्बन्धी तालिममा केन्द्रका निर्देशक आनन्द पौड्यालले तालिमको आवश्यकता र महत्वबारे चर्चा गर्नुभयो भने उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले सबै तालिम कार्यक्रमको संयोजन गर्नुभएको थियो।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार